बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

## (स्थानीय राजपत्र)

खण्ड १ | बर्ष ५ | अंक १५ | मिति : मंसिर ५ गते २०७८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग -२

# बुद्धभुमि नगर क्षेत्रभित्र संचालनमा रहेका मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा काम गर्ने श्रमिकहरुको हकहित र मर्यादित श्रम सम्बन्धी न्यूनतम मापदण्ड तथा अनुगमन निरीक्षण निर्देशिका २०७८

कार्यपालिकाबाट पारित मितिः २०७८।०७।२८ गते

**प्रस्तावनाः**

मनोरञ्जन तथा सत्कार सेवा (डान्स रेस्टुरेन्ट, दोहोरी साँझ, मसाजपार्लर, डान्स वार, क्याविन रेस्टुरेन्ट, खाजा घर र साना होटल आदि) व्यवसाय दिनानुदिन फैलिदै गईरहेको छ र यहाँ सयौं श्रमिकहरुले रोजगारीको थलो बनाईरहेका छन । सजिलै संग काम पाउने यस क्षेत्रमा युवा र किशोर किशोरी कामदारहरुको संख्या बढि रहेकोछ । यसरी लाखौ श्रमिकहरुको रोजी रोटीको थलो यो क्षेत्रले आन्तरिक तथा बाह्य पर्यटनहरु भित्र्याई पर्यटकीय विकासमा टेवा पुयाउने, देशको कला र संस्कृतिको जगेर्ना गर्ने साथै राष्ट्रिय कलाकारहरुको उत्पादन, देशको विकास र अर्थतन्त्रमा टेवा पु¥याउदै आएको छ । यति धेरै महत्व बोकेको र देशमा व्यापक मात्रामा श्रम ओगटेको यो क्षेत्र व्यवस्थित रुपमा संचालन भएको पाइदैँन जहाँ यस क्षेत्रसँग सम्वन्धित नीति नियमहरु पनि प्रभावकारी रुपमा लागू भएको छैन र श्रमिकहरुको पर्याप्त संरक्षणको अभाव रहेको पाईन्छ ।

यही परिवेशमा मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रका व्यवसायहरुलाई कानुनको दायराभित्र ल्याई व्यवस्थित र मर्यादित बनाउन तथा त्यस्ता व्यवसायहरुमा संलग्न श्रमजिवी महिला/पुरुष तथा अन्य श्रमिकहरुको व्यावसायिक सुरक्षाको प्रत्याभूति गर्दै जीवनयापनलाई सरल, सहज र प्रतिष्ठित बनाउन तथा प्रचलित अन्तर्राष्ट्रिय र राष्ट्रिय कानूनहरुद्वारा महिला तथा अन्य कामदारहरुलाई प्रदत्त अधिकार व्यवहारिक रुपमा लागू गर्न वाञ्छनीय भएको तथा यस्ता कार्यस्थलमा हुने श्रमजीवि महिलाहरुप्रति यौन उत्पीडन नियन्त्रण गर्न सर्वोच्च अदालतबाट मिति २०६५।०८।१३ मा जारी गरिएको श्रमजीवि महिलाहरुप्रति डान्स रेष्टुरेण्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्ने सम्बन्धि निर्देशिका २०६५ साथै निर्देशनात्मक आदेशको भावना अनुकुल हुने गरी कार्यस्थलमा यौनजन्य दुव्र्यवहार नियन्त्रण ऐन, २०७१ को दफा २१.(१) सहित श्रम ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशिका तयार गरिएको छ । बुद्धभुमि नगरपालिकाले मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रलाई मर्यादित, सम्मानित, व्यवस्थित, व्यवसायिक र नियमबद्ध रुपमा सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम मिति २०७८।०७।२८ को कार्यपालिकाको निर्णयबाट 'बुद्धभुमि नगर क्षेत्रभित्र संचालनमा रहेका मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा काम गर्ने श्रमिकहरुको हकहित र मर्यादित श्रम सम्बन्धी न्यूनतम मापदण्ड तथा अनुगमन निरीक्षण निर्देशिका २०७८' जारी गरिएको छ । यो निर्देशिका बुद्धभुमि राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

## परिच्छेद १ :
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यस निर्देशिकाको नाम **‘बुद्धभुमि नगर क्षेत्रभित्र संचालनमा रहेका मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा काम गर्ने श्रमिकहरुको हकहित र मर्यादित श्रम सम्बन्धी न्यूनतम मापदण्ड तथा अनुगमन निरीक्षण निर्देशिका २०७८’** रहेको छ ।

(ख) यो निर्देशिका कार्यपालिकाबाट पारित भई बुद्धभुमि राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

**२. परिभाषा र व्याख्या:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) ‘मनोरञ्जन तथा सत्कार सेवा क्षेत्र’ भन्नाले डान्स रेस्टुरेन्ट, दोहोरी साँझ, मसाज पार्लर, डान्स वार, क्याविन रेस्टुरेन्ट, खाजा घर र साना होटल व्यवसायहरु आदि लाई सम्झनु पर्दछ ।

(ख) ‘श्रमिक’ भन्नाले पारिश्रमिक लिई वा नलिई मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा काम गर्ने कामदारलाई सम्झनु पर्दछ ।

(ग) ‘कार्यस्थल’ भन्नाले मनोरञ्जन तथा सत्कार सेवा क्षेत्र जहाँ श्रमजीवि कामदारहरुले काम गर्ने डान्स रेस्टुरेन्ट, दोहोरी साँझ, मसाज पार्लर, डान्स वार, क्याविन रेस्टुरेन्ट र साना खाजा घर जस्ता व्यवसायहरु आदिलाई जनाउँछ ।

(घ) यो निर्देशिकाको हकमा ‘यौन शोषण’ भन्नाले कार्यस्थलमा काम गर्ने श्रमिक महिला÷पुरुषहरुलाई यौन उत्तेजनामा ल्याउने वा आफू स्वयं यौन उत्तेजनामा आउने हिसावले जिस्क्याउने, बोल्ने वा कुनै प्रकारको यौन इसारा प्रदर्शन गर्ने गराउने लगायतका सम्पूर्ण कार्यलाई जनाउँछ ।

(ङ) ‘व्यवसाय संचालक’ भन्नाले डान्स रेस्टुरेन्ट, दोहोरी साँझ, मसाज पार्लर, डान्स वार, क्याविन रेस्टुरेन्ट र साना खाजा घर जस्ता व्यवसायहरु आदिको संस्थापक, व्यवस्थापक वा संचालक सम्झनु पर्दछ।

(च) ‘सेवाग्राही’ भन्नाले डान्स रेस्टुरेन्ट, दोहोरी साँझ, मसाज पार्लर, डान्स वार, क्याविन रेस्टुरेन्ट र साना खाजाघर जस्ता व्यवसायहरु आदिले प्रदान गर्ने सेवा लिन आउने व्यक्तिलाई सम्झनु पर्दछ ।

(छ) ‘समिति’ भन्नाले परिच्छेद ३ (क) बमोजिम गठित मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा काम गर्ने श्रमिकहरुको हकहित र मर्यादित श्रम सम्बन्धी अनुगमन तथा निरीक्षण गर्ने समितिलाई सम्झनु पर्दछ ।

(ज) ‘प्रमुख’ भन्नाले नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(झ) ‘उप प्रमुख’ भन्नाले नगर उप प्रमुखलाई सम्झनु पर्दछ ।

(ञ) ‘पालिका’ भन्नाले बुद्धभुमि नगरपालिकालाई जनाउनेछ ।

**३. निर्देशिकाको उद्देश्य**

यस न्यूनतम मापदण्ड तथा अनुगमन निरीक्षण निर्देशिकाको उद्देश्य देहाय वमोजिम हुनेछ :

(क) श्रम ऐन २०७४ अन्तर्गत मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रसँग सम्बन्धित कानुनी प्रावधानहरु लागू गर्न/गराउन र यस क्षेत्रका व्यवसायलाई नियमबद्ध रुपमा सञ्चालन गरी मर्यादित, सम्मानित र व्यवसायिक बनाउने ।

(ख) कार्यस्थलमा कार्यरत श्रमिकहरु प्रति हुने भेदभाव, हिँसा र कुनै पनि प्रकारको यौन उत्पिडन, शोषण नियन्त्रण गर्ने ।

(ग) व्यवसायी र श्रमिकबीच सुमधुर सम्बन्ध तथा व्यवसायिक मर्यादा कायम गरी नियमनको व्यवस्था गर्ने ।

परिच्छेद २ :

**न्यूनतम मापदण्डको व्यवस्था**

मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रलाई मर्यादित, सम्मानित, व्यवस्थित र व्यवसायिक बनाउन निम्न मापदण्डको अवलम्बन गरिनेछ ।

१. नगरपालिकाको जिम्मेवारीः

(क) पालिकाले श्रम ऐनको प्रभावकारी कार्यन्वयन गर्दा नीति नियम प्रभावकारी रुपमा लागू गर्नेछ । अनैतिक तथा अमर्यादित व्यवहार गर्नेलाई कार्वाहीको दायरामा ल्याउने र जोखिममा परेका वा उद्धार गरिएका श्रमिकहरुलाई वैकल्पिक क्षमता विकासको व्यवस्था गरिने छ ।

(ख) यस पालिका क्षेत्रभित्रका श्रमिकहरुको लागि मर्यादित पेशाको व्यवस्था हुनुपर्ने र व्यवसायहरु खोल्ने र बन्द गर्नु पर्ने समय तोकिनेछ ।

(ग) मनोरञ्जन क्षेत्रलाई देशको आर्थिक मेरुदण्डको रुपमा स्थापित गर्न यो क्षेत्रको बृहद अध्ययन तथा श्रमिकहरुको आकडा तयार गर्न पालिकास्तरमा अनुगमन निरीक्षण समितिले तथ्यांक संकलन गरी पालिकामा अभिलेख राख्नेछ । उक्त कार्यको लागि वडास्तरीय मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति र टोल विकास संस्थाहरुको सहयोग लिन सक्नेछ ।

(घ) मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा कार्यरत सबै श्रमिकहरुको श्रमको उच्च मुल्याङ्कन गरी श्रमिकहरुको कार्य सम्पादनको मुल्याङकनका आधारमा सेवा सुविधामा निरन्तर बढोत्तरीका लागि समन्वय र सहजीकरण गरिनेछ ।

(ङ) यस क्षेत्रको पेशा प्रति सकरात्मक सोचको विकासमा जोड दिन पालिकाले सम्बन्धित संघ सस्थाहरुसंग समन्वय गरी मनोरञ्जन व्यवसाय संचालकहरु र श्रमिक संगै राखेर निरन्तर अनुशिक्षण वा तालिमको व्यवस्था गर्नेछ र आमसमुदाय माझ सचेतनामूलक कार्यक्रमहरुबाट सचेत गराउनेछ ।

(च) यस क्षेत्रमा पालिकाले सामाजिक सचेतिकरणका कार्यक्रमहरु (लैंगिक हिँसा, दुव्र्यहार न्यूनिकरण,

पालिकाको कार्ययोजनामा व्यवसायी, कामदार र समुदाय सहितको चेतनामूलक) गर्नेछ । साथै सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउनेछ ।

(छ) पालिकामा मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रलाई व्यवस्थित र मर्यादित तुल्याउने हेतुले नियमित रुपमा अनुगमन तथा मुल्याङ्कन कार्यका लागि पालिकास्तरमा एक अनुगमन तथा मुल्याङ्कन समिति चयन भै तोकिएको मापदण्ड अनुसार यो क्षेत्र सञ्चालन भए नभएको अनुगमन गर्नेछ । अनुगमन तथा निरीक्षण कार्यको अनुगमन मुल्याङ्कन संयन्त्रको व्यवस्था न्यूनतम मापदण्डमा तोकिए अनुसार हुनेछ ।

**२. व्यवसायीको जिम्मेवारीः**

(क) मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रका सबै व्यवसायहरु संघीय/प्रादेशिक सरकारका सम्बन्धित निकायमा दर्ता गरी पालिकामा सूचिकृत भई नियमित रुपमा नविकरण गर्नु पर्नेछ ।

(ख) सेवा प्रदायक व्यावसायीहरुले अमर्यादित कार्य गर्न नहुने, सुरक्षाको व्यवस्था गर्नु पर्ने (मर्यादा पालक/सुरक्षागार्डको व्यवस्था) र १८ वर्ष भन्दा कम उमेरका बालबालिकालाई प्रयोग गर्न नपाइने ।

(ग) व्यवसाय संचालकहरुले श्रमिकहरुलाई अनुशिक्षण÷सचेतनामुलक अभिमुखीकरण कार्यक्रम (श्रम ऐन र दूव्र्यवहार विरुद्धको कानुनी व्यवस्थाको बारेमा जानकारी दिने आदि) संचालन गर्ने । कामको प्रकृतिको आधारमा क्षमता विकास तथा पेशागत तालिम र आवश्यकता अनुसार अन्य तालिमहरु (जीवन उपयोगी सीप तथा आत्मरक्षा तालिम आदि) नियमित रुपमा व्यवस्था गर्नु पर्नेछ ।

(घ) श्रमिकहरुको गुनासो सुनुवाई हुनु पर्नेछ ।

(ङ) व्यवसाय संचालकहरुले श्रमिक छनौटमा उपयुक्त प्रक्रिया अपनाउनु पर्ने, योग्यता अनुसारको पारिश्रमिक र समान कामको समान ज्याला दिनु पर्ने । श्रमिकहरुको नागरिकता तथा व्यक्तिगत विवरण अनुसार सबै श्रमिकलाई अनिवार्य रुपमा करार पत्र वा नियुतिm पत्र दिनु पर्ने । श्रमिकलाई पोशाक, परिचयपत्र, स्वास्थ्य र जोखिम विमा गर्नु पर्नेछ । संघिय÷प्रादेशिक सरकारले तोकेको न्युनतम पारिश्रमिक लैंगिक समानताका आधारमा बैंकिङ्ग प्रणालीबाट उपलब्ध गराउनु पर्नेछ ।

(च) व्यवसाय संचालनका क्रममा श्रमिकहरुको कामको समयावधि तोकिनु पर्नेछ र कार्यस्थलमा श्रमिकहरुलाई धुम्रपान, लागू औषध तथा मादक पदार्थ सेवन गराउन पाइने छैन ।

(छ) श्रम ऐन अनुसार समान पारिश्रमिक, नियमपूर्वक प्रसुति विदा, विरामी विदा सहित अन्य विदाहरु दिनु पर्नेछ र श्रम ऐन २०७४ ले रोजगारदाता र श्रमिकहरुलाई दिएको अधिकार प्रयोग गर्नु पर्नेछ ।

(ज) व्यवसाय संचालकहरुले प्यान तथा भ्याट विल अनिवार्य प्रयोग गर्नु पर्नेछ ।

(झ) महिला श्रमिकहरुको हकमा बालबच्चा भएको खण्डमा सुरक्षित कोठामा बच्चालाई स्तनपान

गराउने व्यवस्था मिलाउनुका साथै कार्यस्थलमा काम गर्दा राति ढिला भए श्रमिकहरुलाई कार्यस्थलबाट बासस्थान सम्म पुयाउने व्यवस्था गर्नु पर्नेछ।

(ञ) श्रमिकहरुको नागरिकता नभएको खण्डमा सरकारी निकाय तथा सम्बन्धित संघ सस्थाहरुसंग समन्वय गरी कार्यस्थलमा निरन्तर काम गर्न र गराउन सहजिकरण गर्नु पर्नेछ।

(ट) आन्तरिक तथा बाह्य बेचविखनको सम्भावना भएको कारण यस मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा आउने सेवाग्राहीहरुप्रति सञ्चालक स्वयम् सजग हुने र मानव बेचविखन तथा ओसारपसारको सम्बन्धमा श्रमिकहरुलाई सजग गराउनु पर्नेछ।

(ठ) कार्यस्थल र कार्य सम्पादन लगायत मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रलाई थप व्यवस्थित र मर्यादित बनाउने विषयमा व्यवसाय संचालक तथा श्रमिकहरुबीच नियमित छलफल तथा बैठक बस्नु पर्ने। साथै लैंगिक हिंसा र दुर्व्यहार न्यूनिकरणका लागी पूर्ण प्रतिबद्ध रहनु पर्नेछ।

(ड) मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा कार्यरत सबै श्रमिकहरुको श्रमको उच्च मुल्याङ्कन गरी श्रमिकहरुको कार्य सम्पादनको मुल्याङकनका आधारमा सेवा सुविधाको यथासक्य निरन्तर बढोत्तरीको व्यवस्था हुनु पर्नेछ।

**३. सेवाग्राही जिम्मेवारीः**

(क) श्रमजीवि महिला÷पुरुषप्रति सम्मानजनक व्यवहार गर्ने र उनीहरुको मर्यादामा आँच पुग्ने कुनै पनि काम, व्यवहार गर्न नहुने ।

(ख) आर्थिक प्रलोभन दिई वा नदिई श्रमजीवि महिला/पुरुषहरुलाई यौन सम्वन्ध स्थापित गर्न वाध्य पार्न नहुने।

(ग) श्रमजीवी महिला÷पुरुषसँग बसी कार्यस्थलमा धुम्रपान, मदिरा या कुनै प्रकारका लागु पदार्थको सेवन गर्न गराउन बाध्यतामा पार्न नहुने।

(घ) मादक पदार्थ सेवन गरी हो–हल्ला गर्न एवं श्रमिक महिला÷पुरुष प्रति अभद्र व्यवहार गर्न नहुने ।

(ङ) पद र शक्तिको प्रयोग गरी श्रमिकहरु प्रति गाली, डर, धम्की र प्रलोभन देखाउन नहुने।

(च) कुनै पनि अस्लिल चित्र वा भिडियो देखाई यौन उत्तेजना ल्याउने र यौन प्रस्ताव गर्न नहुने।

**४. श्रमिकको जिम्मेवारीः**

(क) कार्यस्थलमा आफ्नो नाम थर र वतन सहितको वैयक्तिक विवरण प्रस्तुत गर्नु पर्नेछ।

(ख) सेवाग्राही वा व्यवसायीबाट आफूमाथि कुनै किसिमको मौखिक, शारीरिक, मानसिक दुर्व्यवहार, यौन सम्वन्धी छेडखानी वा यौन हिँसा हुन नदिन सदैव सचेत रहने र यदि भएमा तुरन्त प्रहरी प्रशासन, सहयोगी संस्था वा सम्बन्धित निकायमा उजुरी गर्ने।

(ग) पारिश्रमिक नदिई काममा लगाएमा प्रहरी प्रशासन, सहयोगी संस्था वा सम्बन्धित निकायमा उजुरी

गर्ने ।

(घ) सेवाग्राही वा व्यवसायीसँग बसी धुम्रपान, मदिरा वा कुनै प्रकारका लागु पदार्थको सेवन गर्न नहुने ।

(ङ) आफूले लगाउने पोशाकमा आफै सचेत हुदै उत्तेजनात्मक पोशाक नलगाउने ।

(च) अनुशासित र इमानदारीताको साथ आफ्नो जिम्मेवारी पूरा गर्ने र श्रमिकको हक अधिकारको विषयमा जानकार र सचेत हुदै श्रमिक संगठिकरणमा सक्रिय हुने ।

(छ) आफ्नो क्षमता विकासमा जिज्ञासु, मिहेनती र सक्रिय हुने ।

परिच्छेद ३ :

## पालिकास्तरीय अनुगमन तथा निरीक्षण समितिको व्यवस्था

मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रलाई मर्यादित, सम्मानित, व्यवस्थित र व्यवसायिक बनाउन निम्नानुसारको अनुगमन तथा निरीक्षण विधिको अवलम्बन गरिनेछ ।

(क) मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रको पालिकास्तरीय अनुगमन तथा निरीक्षण समितिको

**संयोजकः** नगर प्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य

**सदस्यहरुः**

- प्रमुख प्रशासकीय अधिकृत
- सामाजिक विकास शाखा– प्रमुख
- शिक्षा युवा तथा खेलकुद शाखा– प्रमुख
- सहकारी, उद्योग तथा पर्यटन उप शाखा प्रमुख
- मनोरञ्जन तथा सत्कार सेवाक्षेत्र सँग सम्बन्धित पालिकास्तरीय छाता सँगठन/नेटवर्कबाट एक जना प्रतिनिधि
- मनोरञ्जन क्षेत्रमा काम गर्ने सम्बन्धित क्रियाशिल सामाजिक संस्था/नागरिक समाज/गै.स.स महाँ संघ/टोल विकास संस्था/विद्यालय प्र. अ.हरुमध्येबाट नगर प्रमुखले तोकेको दुई जना प्रतिनिधि
- इलाका प्रहरी कार्यालयको प्रतिनिधि एक जना
- उद्योग वाणिज्य संघको प्रतिनिधि एक जना
- पत्रकार महासंघको प्रतिनिधि एक जना
- सदस्य सचिव– रोजगार सेवा केन्द्र, प्रमुख

१. आवश्यकता अनुसार जनप्रतिनिधि, राजनैतिक दल, पालिकामा कार्यरत कर्मचारी, विज्ञ आदिलाई आमन्त्रण गर्न सकिनेछ ।

२. समितिले पूर्णता नपाएसम्म आवश्यकता अनुसार/आकस्मिक रुपमा संयोजकको नेतृत्वमा ५ जना सदस्यहरुबाट समेत अनुगमन गर्न बाधा पर्ने छैन ।

(ख) अनुगमन तथा निरीक्षण समितिको रणनीति तथा कार्यनीति

- संघ, प्रदेश र स्थानीय स्तरमा नबाझिने खालको रणनीति तथा कार्यनीति निर्माण गर्ने ।
- प्रत्येक ६/६ महिनामा अनुगमन गरी अनुगमन मूल्याकन प्रतिवेदन तयार गर्ने ।
- सचेतनामूलक कार्य गर्ने ।
- श्रम ऐनको प्रभावकारी कार्यन्वयन भए नभएको नियमन गर्ने ।
- सरकारी तथा गैससको साझेदारीमा कार्य सम्पादन गर्ने ।
- यस्ता क्षेत्रलाई सम्मानित र मर्यादित बनाउनको लागि समय समयमा सबैको सहभागिता हुने गरी गोष्ठी, अभिमुखिकरणको आयोजना गर्ने ।
- लैङ्गिक हिँसा निवारण र मानव बेचविखन तथा ओसारपसार नियन्त्रण समिति, वडास्तरी लैङ्गिक हिँसा निवारण र मानव बेचविखन तथा ओसारपसार नियन्त्रण समितिको परिचालन गर्न क्रियाशिल रहने ।
- पालिकास्तरीय तथा वडास्तरीय बाल अधिकार समितिलाई बालबालिकाको बेचविखन तथा ओसारपसार नियन्त्रण र जोखिम अवस्थाका बालबालिकाहरुको समस्या सामाधानका उपायहरु बारे अध्ययन अनुसन्धान गरी बाल संरक्षण प्रणालीलाई सुदृढ गर्ने दिशामा नीति तथा कार्यक्रमहरु निर्माण गर्ने बारेमा विशेषज्ञता प्राप्त निकायका रुपमा विकास गर्ने ।
- बेचविखन लगायत विभिन्न यौनजन्य हिँसा तथा शोषणबाट पिडीत/ प्रभावितहरुको स्थानीय र जिल्ला तहमा राहत, उद्दार, संरक्षण तथा पुनःस्थापनाका लागि नगरपालिकामा कोष खडा गर्ने ।
- बेचविखन लगायत विभिन्न यौनजन्य हिँसा तथा शोषण बाट पीडित/प्रभावितहरुका लागि सीपमूलक तालिमको लागि नगरपालिकामा पुनः स्थापना कोषको स्थापना गरिनेछ ।

(ग) अनुगमन तथा निरीक्षण समितिको बैठक

- संयोजकले तोकेको समय, स्थान र मितिमा बैठक बस्नेछ ।
- बैठकको प्रस्तावना बैठक शुरु हुनुभन्दा अगाडी दिनु पर्नेछ ।
- कम्तिमा वर्षको २ पटक वैठक बस्नेछ ।
- आवश्यकता अनुसार विशेष वैठक बस्न सक्नेछ ।

(ज) अपेक्षित उपलब्धीहरु

- मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रका व्यबसाय सरकारी निकायमा दर्ता भई सञ्चालित भएका हुनेछन् ।
- व्यवसाय संचालक, ग्राहक र आम समुदाय श्रमिकप्रति सम्वेदनशिल हुनेछन् ।
- श्रमिकको पेशा मर्यादित बन्ने र पारिश्रमिकको सुनिस्चितता हुनेछ ।
- सेवा वा व्यवसायमा बालश्रम नभएको सुनिश्चित गर्न सकिनेछ ।
- श्रम ऐन कार्यान्वयन भएको हुनेछ ।

- श्रमिकहरु श्रम प्रति इमान्दार हुनेछन र व्यवसायी र श्रमिकहरुको विच दिगो सम्बन्ध बन्नेछ।
- व्यवस्थित रुपमा पेशा व्यवसाय संचालन हुनेछ।
- नियम विपरित कार्य गरेको वा गराएको खण्डमा कानुनी दायरामा ल्याई दण्ड सजायको पहल गर्न सकिनेछ।
- व्यवसाय सञ्चालनमा व्यवसायीहरु जिम्मेवार हुने छन् र नागरिक र राज्य विचको दूरी घटने छ।
- मानव बेचविखन तथा ओसारपसार जस्ता अपराधहरु न्यूनिकरण हुनेछ।
- यस क्षेत्रमा काम गर्ने श्रमिकहरुको आत्मा सम्मान र मर्यादा उच्च हुनेछ।
- तथ्याक संकलन गर्न र पालिका भित्र कति व्यवसाय सञ्चालनमा रहेको थाहा हुनेछ।
- सीप र दक्षता अनुसारको अवसर प्राप्त हुनेछ।
- कानुनी कुराको सचेतना अभिवृद्धि भई राजस्वमा वृद्धि हुनेछ।

परिच्छेद ४ :

## विविध

(क) अनुगमन तथा निरीक्षण समितिको कार्यक्रम तथा बजेट सम्वन्धि व्यवस्था।

- स्थानीय तहले अनुगमन गर्दा लाग्ने स्रोतको व्यवस्था वार्षिक कार्यक्रममा पेश गरी पास गराउनु पर्ने।
- पालिकाले सम्वन्धित संघसस्थाहरुसंग समन्वय सहकार्य गरी अनुगमन र कार्यक्रम संचालन गरिनेछ।
- अनुगमनको प्रतिवेदन तयार गरि सम्वन्धित निकायमा पेश गर्नेछ।

(ङ) यो निर्देशिका संशोधन गर्नुपर्ने भएमा समितिले संशोधनको प्रस्ताव तयार गरी कार्यपालिकामा पेश गर्न सक्नेछ।

(च) यस निर्देशिकाको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा अड्काउ आईपरेमा त्यस्तो वाधा अड्काउ फुकाउन समितिले पालिका समक्ष सिफारिस गर्नेछ। उक्त सिफारिस बमोजिम पालिकाले आदेश जारी गर्न सक्नेछ। आदेश पश्चात लगत्तै बस्ने कार्यपालिकाको वैठकबाट अनुमोदन हुन नसकेमा उक्त आदेश स्वतःनिष्कृय हुनेछ।

(छ) यो निर्देशिकामा लेखिएको हकमा यसै अनुसार हुने र यसमा उल्लेख नभएको कुरामा प्रचलित कानुन अनुसार हुनेछ।

अनुसुची १ : अनुगमन तथा अनुगमन निरीक्षण सम्बन्धी चेकलिष्ट

अनुसुची २ : मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रको क्षेत्रको अनुगमन तथा मुल्याङ्कन कार्यक्रमको नमुना फाराम

अनुसुची ३ : अनुगमनमा सहभागिहरुको नमुना विवरण फारामः

अनुसुची १ :

## अनुगमन तथा निरीक्षण सम्बन्धी चेकलिष्ट

## अनुगमनको पूर्व तयारी र अनुगमन गर्दाको प्रक्रिया

- ☐ मिति र अनुगमन क्षेत्र/स्थान निर्धाराण, प्रश्नावली तयार गर्ने (मापदण्डमा उल्लेख भए अनुसार जस्तै संचालकको आधिकारिक नाम थर ठेगाना, श्रमिकहरुको परिचयपत्र, नियुक्तिपत्र, जन्मदर्ता, नागरिकता प्रभाण पत्र, श्रमिकको संख्या तथा निजको विवरण, व्यवसाय वा कार्यस्थलको वातावरण, संचालकको ब्यवसाय दर्ता प्रभाणपत्र, नविकरण र सूचिकृत, प्यान नं, भ्याट दर्ता, ब्यवसायको प्रकृति – सेवा सुविधाको आधारमा, काम गर्ने समय र खोल्ने वन्द गर्ने समय आदि ।
- ☐ अनुगमन तथा निरीक्षण समितिका सदस्यहरुलाई जानकारी/पत्राचार गर्ने ।
- ☐ सदस्यहरुलाई अभिमुखिकरण र कामको बाँडफाड ।
- ☐ आवश्यक सुरक्षा प्रबन्ध/ सुरक्षाको प्रत्याभूति र समयको पालना ।
- ☐ गोपनीयताको सुनिस्चितता–अनुगमन गर्दा प्राप्त गरेको सुचना, जानकारी वा तथ्यांक कानुन वमाजिम वाहेक गोप्य राख्नु पर्ने ।
- ☐ आचार संहिताको पालना
- ☐ उद्धार पश्चात पुनःस्थापनाको व्यवस्थापन ।
- ☐ प्राथमिक उपचारको तयारी ।
- ☐ परामर्श कर्ताको व्यवस्था ।
- ☐ सामान्य खाद्यन्नको व्यवस्था ।
- ☐ दोभासेको व्यवस्था (आवशयक परेमा) ।
- ☐ अनुगमन क्रममा व्यवसाय वा कार्यस्थलमा प्रवेश गर्दा परिचयपत्र तथा तोकिएको पोशाकको प्रयोग गर्ने ।
- ☐ कसूर सम्वन्धि चेतावनी, सजाय, दण्ड वा जरिवानाको व्यवस्था – प्रचलित कानुन वा सम्वन्धित कानुनमा व्यवस्था भएमा सोही बमोजिम र न्यायको हकमा छुट्टै व्यवस्था गरी चेतावनी, सजाय वा दण्डको व्यवस्था गर्नु पर्ने ।
- ☐ प्रतिवेदन पेश गर्ने (अनुगमनको सिलशिलामा देखा परेका सम्पूर्ण क्रियाकलापहरुको) ।

अनुसुची २: **मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रको क्षेत्रको अनुगमन तथा निरीक्षण कार्यक्रमको नमुना फारम**

मिति :

स्थान :

व्यवसायीको नाम र सम्पर्क नम्बर :

सुचना प्रदान गर्ने व्यक्तिको विवरण :

जम्मा कार्यरत कर्मचारिहरु : महिला : पुरुष : १८ वर्ष मुनिका :

| क्र.सं | बिबरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | व्यवसाय सरकारी निकायमा दर्ता गरिएको छ वा छैन? | | | |
| २ | व्यवसाय नबिकरण गरिएको छ वा छैन? | | | |
| ३ | व्यवसायिले व्यवसायमा संलग्न श्रमजीवि महिला एवं पुरुषको नाम थर वतन सहितको वैयक्तिक विवरणको लगत तयार गरेर राखेको छ वा छैन? | | | |
| ४ | व्यवसाय सञ्चालन समय नेपाल सरकारले तोके बमोजिम सञ्चालन गरिएको छ वा छैन ? | | | |
| ५ | श्रमजीविहरुलाई कार्य समाप्त पश्चात् सुरक्षित रुपमा वासस्थान सम्म पुयाउने प्रवन्ध छ वा छैन ? | | | |
| ६ | नेपाल सरकारद्वारा निर्धारित न्यूनत्तम पारिश्रमिक दिने गरेको छ वा छैन ? | | | |
| ७ | १८ बर्ष मुनिका बालबालिकाको प्रयोग गरिएको छ वा छैन ? | | | |
| ८ | कर्मचारीलाई नियुक्ति पत्रको व्यवस्था गरिएको छ वा छैन ? | | | |
| ९ | कर्मचारिलाई परिचयपत्रको व्यवस्था गरिएको छ वा छैन ? | | | |
| १० | मनोरञ्जन तथा सत्कार सेवा क्षेत्रमा प्रवेश गर्नासाथ सबैले देख्न सक्ने ठाउँमा आचार संहिता राखेको छ वा छैन ? | | | |
| ११ | काम गर्ने महिलाहरुलाई मर्यादित व्यवहार गरिएको छ वा छैन ? | | | |
| १२ | उत्तेजक पोशाकलगाई नृत्य गर्न गीत गाँउन बाध्य पारीएको छ वा छैन ? | | | |
| १३ | सेवाग्राहीसँग बसी मदिरा, धुम्रपान लगायतका लागु पदार्थ सेवन गर्न लगाएको छ वा छैन ? | | | |
| १४ | ड्रेस चेन्ज गर्ने कोठामा सि.सि क्यामारा राखिएको छ वा छैन ? | | | |

अवस्था विश्लेषण (भौतिक पुर्वाधार ) : ...................................

२. कानुनी कागजपत्रको उपलब्धता : ...................................

३.सञ्चाल गर्ने तरिका : .................................

४ . सञ्चालकको थप प्रतिकृया : ...................................

अनुसुची ३ :

**अनुगमनमा सहभागिहरुको नमुना विवरण फारम :**

| क्र.सं | नाम थर | कार्यालय /पद | कैफियत/ हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| | | | |
| | | | |

अनुगमन टोलीको निष्कर्ष/सुझावहरु :

टोली प्रमुख को हस्ताक्षरः.........................

मितिः............................

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत